# गाउँ विकास केन्द्र
## VILLAGE DEVELOPMENT CENTER
**खाँडादेवी गा.पा.-३, भिरपानी, रामेछाप**

जि.प्र.का. दर्ता नं: ३४५
स.क.दर्ता नं. : १४८३३
पान नं. : ६१८५५७६५१

## कर्मचारी आवश्यकता सम्वन्धी सुचना

**प्रथम पटक प्रकाशन मिति:२०७९/१०/०२ गते**

खाँडादेवी गाँउपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग र गाँउ विकास केन्द्र (VDC) रामेछापको सहजिकरणमा संचालित **"कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम"**को लागि तपसिल उल्लेखित पदका कर्मचारीहरुको आवश्यकता भएकाले यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र दरखास्त दिनु हुन अनुरोध गरिन्छ ।

१. पद : **परियोजना संयोजक**

पद संख्या :- १ (एक) जना

परियोजना क्षेत्र :- खाँडादेवी गाँउपालिका, रामेछाप ।

**न्युनतम योग्यता र कार्यअनुभव :**

- कृषि, र पशु चिकित्सा (भेट्नेरी) स्नातक तह उत्तिर्ण गरि कम्तीमा २ वर्षको अनुभव, शिक्षा, समाज शास्त्र, ग्रमिण विकास (RD), Social work जस्ता सम्वन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी कम्तीमा ३ वर्षको सामुदायिक विकास, बाख्रापालन, दुग्ध उत्पादन, कृषि, तरकारी, फलफुल आदिको मुल्यश्रृखलमा काम गरेको अनुभव भएको ।
- योजना तर्जुमा, बजेट व्यवस्थापन, परियोजना व्यवस्थापन कार्यन्वयन, अनुगमन तथा मूल्यांकन र प्रतिवेदन लेखनमा ज्ञान सिप तथा अनुभव भएको ।
- साना किसान सवलिकरण तथा उद्यमशीलता साझेदार कार्यक्रम सम्वन्धि ज्ञान सिप र अनुभव भएको ।
- कर्मचारी व्यवस्थापन तथा परिचालन, तालिम व्यवस्थापन तथा सहजिकरण, प्रतिवेदन लेखन जस्ता सम्वन्धित विषयमा ज्ञान सिप तथा अनुभव भएको ।
- कृषि तथा पशुपक्षी वस्तुमा आधारित व्यवसाय तथा उद्यमशीलतामा महिला तथा यूवाहरुको सहभागिता र सामाजिक परिचालनमा विशेष दक्षता भएको ।
- परियोजना सरोकारवालाहरू, स्थानीय/प्रदेश सरकारहरूसँग समन्बय गरी दस्तावेजीकरण र प्रतिवेदनको लागि जिम्मेवार भई काम गर्न सक्ने ।
- अंग्रेजी र नेपाली भाषामा प्रतिवेदन लेख्न तथा वोल्न सक्ने क्षमता भएको ।
- सामुदायिक विकास दृष्टिकोण र कृषि व्यापार, पशुपालन, सामुदायिक परिचालन, किसानका उत्पादनहरूको बजारीकरणमा राम्रो अनुभव, प्रशिक्षण प्रविधि र विधिहरू साथै व्यवस्थापन उपकरणहरू र नियन्त्रण सूचकहरू लागु गर्ने क्षमता कुशल ज्ञान भएको ।
- परियोजनाको उदेश्य बमोजिम नतिजा उन्मुख भई कार्यक्रमहरुको संचालन गर्न सक्ने क्षमता भएको ।
- कम्प्युटरको Office Package (Microsoft Word, Excel, Powerpoint, English-Nepali Typing and Email-Internet) सम्वन्धी दक्षता भएको ।
- समुदाय स्तरमा र दुर्गम क्षेत्रमा काम गर्न रुचि भएको ।
- परियोजना संयोजकले परियोजना क्षेत्रमा (field based) ८० प्रतिशत रहि काम गर्नुपर्ने ।
- उमेर १९ वर्ष पुरा गरि ४५ वर्ष सम्मको
- मोटरसाईकल चलाउन सक्ने तथा सवारी लाईसेन्स भएकोलाई प्राथमिकता दिने ।

२. पद : **प्राविधिक संयोजक**

पद संख्या : १ (एक) जना

**न्युनतम योग्यता र कार्यअनुभव :**

- भेटेरीनरी विषयमा ISc. Ag Animal Science उत्तिर्ण गरी सम्बन्धीत क्षेत्रमा कम्तीमा २ वर्षको कार्यनुभव भएको वा भेटेरीनरी विषयमा जे.टि. (J.T.) उत्तिर्ण गरी सम्बन्धीत विषयमा कम्तीमा २ वर्षको कार्यनुभव भएको वा जे.टि.ए. (JTA) उत्तिर्ण गरी सम्बन्धीत विषयमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको ।
- पशु उपचारमा राम्रो दखल भएको ।

- कृषि तथा पशुको उत्पादन र उत्पादकत्व वृद्धिमा प्राविधिक तथा सिर्जनात्मक दक्षता भएको ।
- स्थानीय सरकार र अन्य सरोकारवालासंग समन्वय र सहकार्य गरी कार्य गर्न सक्ने ।
- कृषि तथा पशु बस्तुको बजारीकरण सम्बन्धि ज्ञान तथा अनुभव भएको ।
- प्राविधिक तालिमको आयोजना, संञ्चालन तथा फिल्ड अनुगमन गर्न सक्ने ।
- नेपाली भाषामा प्रतिवेदन लेख्ने तथा वोल्न सक्ने क्षमता भएको ।
- समुदाय स्तरमा र दुर्गम क्षेत्रमा भ्रमण तथा काम गर्न रुचि भएको ।
- प्राविधिक संयोजक परियोजना क्षेत्रमा (field based) १०० प्रतिशित रहि काम गर्नुपर्नेछ ।
- मोटर साईकल चलाउन सक्ने तथा सवारी लाईसेन्स भएकोलाई प्राथमिकता दिइने ।

३) **पद : सामुदायीक सहजकर्ता**

पद संख्या : ६ (छ) जना

**न्युनतम योग्यता र कार्यनुभव :**

- १०+२ वा सो सरह उत्तिर्ण गरी सामुदायिक विकास तथा बाख्रा, दुध र तरकारीको मुल्य श्रृंखलामा कम्तीमा कार्यानुभव भएको ।
- स्वावलम्वन समूह गठन तथा परिचालन सम्वन्धि अनुभव भएको ।
- स्वतन्त्ररुपले तालिम सहजीकरण तथा व्यवस्थापन सम्वन्धि अनुभव तथा ज्ञान सीप भएको ।
- महिला तथा युवा सशक्तिकरण, समुह व्यवस्थापन र सामाजिक परिचालन सम्वन्धी दक्षता भएको ।
- कृषि तथा पशु उद्यमशिलता विकासको माध्यमबाट आयआर्जन गर्न समुदायलाई उत्प्रेरीत गर्न सक्ने विषेश ज्ञान भएको।
- समुदाय स्तरमा र दुर्गम क्षेत्रमा भ्रमण तथा काम गर्न रुचि भएको ।
- कम्प्युटर सम्वन्धि ज्ञान भएको ।
- सम्वन्धित पालिकामा स्थाई बसोवास भएको हुनु पर्ने ।
- सामुदायिक सहजकर्ता पदमा महिलालाई प्राथमिकता दिइने छ ।
- मोटर साईकल चलाउन सक्ने तथा सवारी लाईसेन्स भएकोलाई प्राथमिकता दिइने

**नोटः**

१. सेवा सुविधा :- परियोजनको नियमानुसार हुनेछ ।

२. दरखास्त दिने अन्तीम सूचना प्रकासन भएको मितिले ७ दिनको कार्यालय समय भित्र (मिति २०७९/१०/०८ गते कार्यालय समय ४.०० बजे) कार्यालय समयको अन्तिम दिन सार्वजनिक विदा परेमा सोही दिनको भोलीपल्ट कार्यालय समय भित्र दरखास्त पेश गर्न सकिनेछ ।

३. परिक्षाको किसिम : लिखित, अन्तवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक ।

४. आवश्यक कागजातहरु : कुन पदमा आवेदन गरेको हो सो को विवरण समेत खुल्ने गरी निवेदन, व्यक्तिगत विवरण ( बायोडाटा), शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, सम्वन्धीत विषयको कार्य अनुभव पत्र, स्थायी लेखा नम्बर र अन्य आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपी स्क्यान गरी तपसिलमा उल्लेखित गाँउ विकास केन्द्र (VDC) को ईमेल मार्फत वा कार्यालयमा दरखास्त बुझाउनु सकिने छ ।

५. परियोजनाको कार्यक्षेत्र खाँडादेवी गाँउपालिका हुनेछ ।

६. प्रारम्भिक छनौटमा परेका उम्मेद्धारहरुलाई मात्र लिखित परिक्षामा समावेश गराईनेछ । रित नपुगेका, म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन । निवेदकहरुका निवेदनमा काम कारबाही अघि बढाउने नबढाउने अधिकार हेफर/गाउँ विकास केन्द्र (VDC)मा मात्र हुनेछ ।

**पदपुर्ति समिति**
गाँउ विकास केन्द्र (VDC), खाँडादेवी गा.पा., रामेछाप
खाँडादेवी गाँउपालिका-५, रामेछाप ।
Email: vacancy.vdc@gmail.com